bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

वर्ष ४१ अंक ३४ | २०७९ जेठ ०९ गते सोमबार, नेपाल सम्वत् ११४२ May 23, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## व्यास नगरपालिकाको प्रमुखमा न्यौपाने र उपप्रमुखमा दरै निर्वाचित

### स्वतन्त्र उम्मेदवार जोशीले ११ हजार ८२६ मत प्राप्त गरे

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेसका उम्मेदवार बैकुण्ठ न्यौपाने निर्वाचित भएका छन् । निवर्तमान प्रमुख समेत रहेको न्यौपानले १२ हजार ७८ मत प्राप्त गरी पुनः दोश्रो कार्यकालका लागि व्यास नगरपालिकाको प्रमुखमा निर्वाचित भएका छन् । निकै प्रतिस्पर्धातामक रूपमा न्यौपानले प्रमुखका स्वतन्त्र उम्मेदवार दीपकराज जोशीलाई २५२ मतान्तरले पराजित गरेका छन् । स्वतन्त्र उम्मेदवार जोशीले ११ हजार ८२६ मत प्राप्त गरेका छन् ।

नेकपा एमालेसंग तालमेल गरी कांग्रेसका पूर्व सहमहामन्त्री गोविन्दराज जोशी समुहबाट व्यास नगरपालिकाको प्रमुख पदको स्वतन्त्र उम्मदेवार बनेका जोशीले २५२ मतान्तरले पराजित हुन पुगे। माओवादी केन्द्रका प्रमुख पदका उम्मेदवार अतिन्द्रकेशरी न्यौपानेले ५४६, राष्ट्रिय जनमुक्ति पार्टीका उम्मेदवार मिना थापाले १६५, विवेकशिल साझा पार्टीका उम्मेदवार रमेश प्रसाद आचार्यले १३९ मत प्राप्त गरेका छन् ।

गत बुधबार साँझदेखि थालिएको मतगणनामा शनिबार दिउँसोसम्म स्वतन्त्र उम्मेदवार जोशीले अग्रता कायम गर्दै आए पनि साँझदेखि नेपाली कांग्रेसका उम्मेदवार न्यौपानेले अग्रता लिइएका थिए ।

२०७४ सालका स्थानीय तह सदस्य निर्वाचनमा बैकुण्ठ न्यौपाने १३ हजार ५६ मत प्राप्त गरी निर्वाचित भएका थिए भने उनका प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार शंकरनारायण श्रेष्ठले ९ हजार ५९२ मत प्राप्त गरेका थिए ।



प्रमुख पदका उम्मेदवारद्वयले वडा नं. १ मा जोशीले ११२६, न्यौपानले १२६३, वडा नं. २ मा जोशीले ८३३, न्यौपानले ५९६, वडा नं. ३ मा जोशीले ६२७ र न्यौपानले ३३३ मत प्राप्त गरेका थिए । वडा नं. ४ मा जोशीले ९३३, न्यौपानले ५७१, वडा नं. ५ मा जोशीले १४३६, न्यौपानले ९१८ मत प्राप्त गरेका थिए ।

यस्तै, वडा नं. ६ मा जोशीले ८६७, न्यौपानले १२७६, वडा नं. ७ मा जोशीले ६५३, न्यौपानले ६९९, वडा नं. ८ मा जोशीले ३५०, न्यौपानले ७८८, वडा नं. ९ मा जोशीले ५६१ र न्यौपानेले ९०० मत प्राप्त गरेका थिए । वडा नं. १० मा जोशीले ९३८, न्यौपानले १३९०, वडा नं. ११ मा जोशीले १०००, न्यौपानले १२०१, वडा नं. १२ मा जोशीले १०००, न्यौपानेले ७४६ मत प्राप्त गरेका थिए ।

यस्तै, उपप्रमुख पदमा नेपाली कांग्रेसका उम्मेदवार इन्दिरा दरैले १३ हजार ४९८ मत प्राप्त गरी निर्वाचित भएकी छन् । उनकी प्रतिस्पर्धी नेकपा एमालेकी उम्मेदवार बसुन्धरा घर्तीले १२ हजार ४२ मत प्राप्त गरेकी छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका उपप्रमुख पदका उम्मेदवार चन्द्रावती पन्थले ७९१, नेकपा एकीकृत समाजवादीका उम्मेदवार मनुमाया श्रेष्ठले ७०६, माओवादी केन्द्रका उम्मेदवार देवा सुर्खालीले ६८२ मत प्राप्त गरेका छन् ।

व्यास नगरपालिका नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको गृहपालिका पनि हो । यो पालिकाको मत परिणामले सबैको चर्चा र चाँसोको विषय बनेको छ । व्यासको मेयर पदका लागि वरिष्ठ नेता पौडेल निकट निवर्तमान मेयर बैकुण्ठ न्यौपाने पुनः उम्मेदवार बनी चुनावी मैदानमा उत्रिएका थिए । कांग्रेसले पार्टीको साधारण सदस्य समेत नरहने गरी कारवाही गरेका पूर्व सहमहामन्त्री गोविन्दाराज जोशीले आफ्नो गुम्न लागेको राजनीतिक विरासत फर्काउन छोरा दिपकलाई मेयर पदको स्वतन्त्र उम्मेदवार बनाएर चुनावी मैदानमा भिडाएका थिए ।

तनहुँ वरिष्ठ नेता पौडेल र पूर्व सहमामन्त्री जोशीको गृह जिल्ला र गृहपालिका व्यास हो । यी दुई नेताबीच आफ्नो राजनीतिक विरासत जोगाउने र फर्काउने प्रतिस्पर्धाका रूपमा हेरिएको स्थानीय निर्वाचनमा अन्तत् पौडेलले

बाँकी अन्तिम पेजमा



**विजय उत्सव :** तनहुँको व्यास नगरपालिका-९ को वडाध्यक्षमा निर्वाचित भएका नेपाली कांग्रेसका उम्मेदवार सुरेश थापा आइतबार दमौलीमा विजय उत्सव मनाउँदै । १ हजार २०६ मत प्राप्त गरी निर्वाचित भएका थापाका प्रतिस्पर्धी एमालेका उम्मेदवार भक्तबहादुर गोदार, माओवादी केन्द्रका उम्मेदवार विष्णु अधिकारी र राप्रपाका उम्मेदवार बुद्धि जि.एम.सि. (अधिकारी) थिए । *तस्विर : भञ्ज्याङ*

## आँवुखैरेनीका अध्यक्षको पहिलो निर्णय : 'सामाजिक सुरक्षा भत्ता टोलटोलमा पुऱ्याउने, निःशुल्क एम्बुलेन्स सेवा'

भञ्ज्याङ समाचारदाता/आँबुखैरेनी

तनहुँको आँबुखैरेनी गाउँपालिका अध्यक्ष शुक्र चुमानले पदभार ग्रहणसँगै महत्वपूर्ण निर्णयहरू गरेका छन् । उनले गाउँपालिका भित्र छ वटै वडामा सामाजिक सुरक्षा भत्ता टोलटोलमा बितरण गर्ने, गर्भवती महिला, ६० बर्ष नाघेका जेष्ठ नागरिक, आकष्मिक बिरामी, दीर्घरोगी असहाय, अशक्त लाइ पनि निःशुल्क एम्बुलेन्स सेवा दिने निर्णय गरेका छन् ।



यस्तै, आबश्यक परेको खण्डमा गाउँपालिका अध्यक्ष ले प्रयोग गर्ने सवारी साधनलाइ समेत बिरामी बोक्नको लागी निशुल्क प्रयोग गर्न दिने उनले घोषणा गरेका छन् । गाउँपालिका सहित सबै वडा कार्यलयमा सेवामैत्री निमार्णको लागि कार्यलय जाने सेवाग्राहीलाई सफा र शुद्ध चिसो तातो खानेपानी को ब्यबस्था गर्ने, कार्यलय परिसरमा १ जना कर्मचारी सहितको हेल्पडेक्स स्थापना गरी सेवाग्राहीलाइ सहज बनाउने बताएका छन् ।

नवनिर्वचित अध्यक्षले शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, सडक तथा पुर्वाधार, कृषि, खेलकुद लगायतका क्षेत्रमा काम गर्ने प्रतिवद्धताका साथ चुनावमा होमिएका थिए । गाउँपालिकामा करिव ९ हजार २७८ मत खसेकोमा चुमानले ३ हजार ९४० मत प्राप्त गरेका छन् । उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका गिरबहादुर थापाले २ हजार २३० मत प्राप्त गरे । चुमानले १ हजार ७१० मतान्तरले थापालाई पराजित गरेका हुन् ।

## नवलपुर र तनहुँ जोड्ने कालीगण्डकीको पुल अलपत्र

रासस/कावासोती

पाँच वर्षअघि नवलपरासी पूर्व नवलपुर र तनहुँ जोड्ने गरी कालीगण्डकी नदीमा निर्माण सुरू गरिएको पुल अलपत्र परेको छ । नवलपरासी पूर्व नवलपुरको बौदीकाली–३, रकुवा र तनहुँको घिरिङ सुन्धारा–१, जगौली जोड्ने गरी कालीगण्डकी नदीमा बनाउन लागिएको पुल निर्माणको काम अलपत्र परेको हो । तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी २०७४ मङ्सिरमा निर्माण सम्झौता भएको पुलको काम १५ प्रतिशत मात्र सम्पन्न भएको छ । पुल निर्माणको ठेक्का लिएको महावीर, गौरीपार्वती, नीलगिरी नेशनल जेभीले समयमा नै काम नगर्दा पुल निर्माणको काम अलपत्र परेको हो। पुलका लागि ल्याइएको सामग्री यत्रतत्र छरिएका छन् । छडलगायतका सामग्री खिया लाग्न सुरू गरेको छ । पुल निर्माणस्थलको बौंदीकाली–३ रकुवातर्फमा दुई पिल्लरबाहेक कुनै काम हुनसकेको छैन ।

पुल निर्माणस्थलमा बेलाबेला १०/१२ जना कामदार ल्याउने र केही काम गर्ने गरेको भए पनि २०७९ वैशाखदेखि निर्माणस्थलमा कामदार आएका छैनन् । वर्षाको समयमा यसै काम नहुने र अहिले काम गर्न मिल्ले समयमा समेत निर्माणको काम नगरी अलपत्र पारेको स्थानीयवासीले समेत गनासो गरेका छन् ।

पुल निर्माणको काम २०७७ मङ्सिरमा सम्पन्न गर्नुपर्ने सम्झौता भएको भए पनि पछि २०७८ चैतभित्र सम्पन्न गर्ने गरी म्याद थप गरिएको थियो । त्यसपछि म्याद थप नभएको पुल योजना सेक्टर नं ४ पोखराका डिई नवराज बाँस्तोलाले बताउनुभयो। सरकारले काममा लापरबाही गर्ने र समयमा नै काम नगर्ने निर्माण कम्पनीलाई कारबाही गर्ने भने पनि निर्माण सम्पन्न गर्नुपर्ने समय समाप्त भइसकेकाले यस्ता कम्पनीलाई कारबाही अघि नबढाइएको स्थानीय श्याम पाटाको गुनासो छ ।

पुल निर्माणका विषयमा निर्माण कम्पनी महावीर, गौरीपार्वती, नीलगिरी नेशनल जेभिका प्रतिनिधि युवराज डाँगीसँग बुझ्दा निर्माण सामग्रीको मूल्य बढेकाले मूल्य समायोजन नभएसम्म काम गर्न नसकिने बताउनुभयो । सुपरीवेक्षण गर्ने निकाय पुल योजना क्षेत्र सेक्टर नं ४ का सव इञ्जिनीयर सुशील अधिकारीले हालसम्म काम सम्पन्न भइसक्नुपर्नेमा पटक–पटक निर्माण कार्यलाई तीव्रता दिन निर्देशन दिइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "सम्झौता अनुसार काम नगरिदिँदा पुल निर्माणको काम १५ प्रतिशत मात्र भएको छ, हामीले ताकेता गरिरहेका छौं ।" कूल रू २२ करोड ९८ लाखको लागतमा निर्माण सुरू गरिएको पुल २११ मिटर लम्बाइको हुनेछ ।

## सम्पादकीय .........

www.bhanjyangnews.com

# नवनिर्वाचित जनप्रतिनिधि र जनताका अपेक्षा

स्थानीय तह सदस्य निर्वाचन २०७९ को अन्तिम मतपरिणाम अधिकांश पालिकाको आइसकेको छ । वैशाख ३० गते सम्पन्न निर्वाचनको मतगणना कार्य केही पालिकाको बहेक अधिकांशको सकिएको छ । तनहुँका १० पालिका मध्ये नौ वटा पालिकाको मतपरिणाम आइसकेको छ भने एक व्यास नगरपालिकाको मात्र आउन बाँकी छ । सम्भवता आज विहानसम्म यो नगरपालिकाको अन्तिम मतपरिणाम सार्वजनिक हुन्छ । स्थानीय निर्वाचन २०७९ बाट चुनिएकाहरूले शपथग्रहणसंगै पदभार ग्रहण पनि गरिसकेका छन् । पदभार ग्रहणसँगै नवनिर्वाचित जनप्रतिनिधिहरूले विभिन्न निर्णय गरेका छन् । कार्यकाल थालनीमा रचनात्मक कामको सुरूवात गर्ने संसारभरकै परम्परा हो र जनप्रतिनिधिहरूले त्यसकै सिको गरेका छन् । चुनाव प्रचारप्रसारका रूपमा गरिएको प्रतिवद्धता कार्यान्वनयमा सुरूको दिनबाटै खटिनु जनप्रतिनिधिहरूको कर्तव्य हो । आफूलाई प्रमाणित गर्न र जनताको सेवामा खटिने क्रममा हालसम्म जनप्रतिनिधिहरूले जे–जस्ता घोषणा गरेका छन्, ती सुन्दा राम्रै छन् । तर, त्यसको कार्यान्वनयमा भने आशंका बाँकी नै छ । अघिल्लो कार्यकालका जनप्रतिनिधिले गरेका प्रतिवद्धता पूरा हुन सकेका छैनन् । तनहुँका १० वटै पालिकाका अघिल्लो कार्यकालका जनप्रतिनिधिले निर्वाचनका समयमा मतदाताको घरदैलोमा पुगेर जुन प्रतिवद्धता गरेका थिए त्यो कुनैले पनि पुरा गरेका पाइदैन। जनप्रतिनिधि बन्न खोज्ने तथा निर्वाचित हुनेहरूले आफ्नो पालिकाको स्रोत र सामर्थ्यको हिसाब नगरि हुचवाको भरमा मतदाता समस्या प्रतिवद्धता जनाउने तथा योजना बनाउँदा त्यो समस्या देखिने गरेको हो । वितेका पाँच वर्षमा पालिकाहरूमा जनप्रतिनिधिहरूले आफ्ना प्रतिवद्धता पुरा गर्न नसकेको आफूलाई प्रमाणित गरेर विदा भइसकेका छन् । कतिपय पालिकामा पुनः पुरानै जनप्रतिनिधि समेत निर्वाचित भएर आएका छन् ।

अघिल्लो नेतृत्वले आ–आफ्नो पालिकामा भौतिक निर्माणमा उल्लेख्य प्रगति गरिएको देखिन्छ । तर, डोजरे विकासले विनाश पनि उत्तिकै निम्त्याएको छ । विकास भनेकै बाटो हो भनेर जथाभावी डोजर चलाउँदाको परिणाम आउँदा दिनमा देखिने पक्का छ । यसपटकका जनप्रतिनिधिहरू हिजोकाले गरेको गल्ती सच्याउन तम्तयार बस्नुपर्ने गतिलो सन्देश छाडेका छन् । वातावरणमैत्री कार्य नहुँदा विशेष गरी वर्षायाममा बाढीपहिरोको सास्ती जनताले झेल्नुपरेको हाम्रासामु प्रसस्त उदहारण छन् । अर्कोतर्फ, सामाजिक सुरक्षाको नाममा बजेटको दुरूपयोगको जुन श्रृंखला सुरू भएको छ, त्यसलाई यो पटक रोक्नैपर्ने देखिएको छ । नजिकको सरकारले नागरिकको सुख–दुःखमा साथ दिनुपर्छ । नागरिकको सामाजिक सुरक्षामा ध्यान दिनुपर्छ । तर, कनिका छर्ने प्रवृत्तिले मानवीय सूचांकहरू सकारात्मक बन्दैनन् । अहिले नागरिकको माग र चाहाना सीपमुलक शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेण्टी हुनुपर्छ भन्ने छ । घरदैलोको सिंहदवारले जनताको आवश्यकताको पहिचाना गरी सोही अनुरूपको नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन गर्नुपर्छ। यस्तै, अघिल्लो कार्यकालका जनप्रतिनिधिहरूले गरेका कामको बेरूजु चांगलाई अबका जनप्रतिनिधिले कम गर्नु तर्फ ध्यान दिनुपर्छ । सुशासन कायम गर्नु तथा प्रविधिमैत्री सेवा प्रवाहमा पनि प्रतिनिधिहरूले उत्तिकै ध्यान दिनुपर्छ । स्थानीय तह भनेको अविछिन्न उत्तराधिकारीवाला निकाय हो । अघिल्लो जनप्रतिनिधिहरूले गरेका असल कामको निरन्तरता र गलत प्रवृत्तिको अन्त्य गर्नसके कार्यकाल आफै सफल हुन्छ । जनप्रतिनिधिहरूसँग जनताका अपेक्षा धेरै छन् । नागरिकहरू सुशासन चाहन्छन् । प्रतिनिधिहरूले यसलाई मूलमन्त्र मान्नुपर्छ । निर्वाचित भएर आएका जनप्रतिनिधिलाई अघिल्लो कार्यकालका जनप्रतिनिधिले गरेका क्रियाकलाप पनि सिकाईको माध्यम बन्ने छ । के कस्ता कार्यक्रम कसरी चलाउँदा प्रभावकारी हुन्छ भन्ने शिक्षा प्राप्त भइसकेको हुँदा अब कस्ता योजना कसरी अगाडि बढाउने, आफ्नो पालिकाका बासिन्दाको आवश्यकताको पहिचान गरी सोही अनुसारका नीति, कार्यक्रम र बजेटको प्राथमिकिकरण गरी अगाडि बढ्न सके पक्कै पनि अबको पाँचवर्षे कार्यकाल सफल र उपलब्धी मुलक बन्ने छ । स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट नवनिर्वाचित सबै जनप्रतिनिधिहरूको कार्यकाल पूर्ण सफलता र उपलब्धी मुलक बनोस हाम्रो पनि शुभकामना ।

# बजेटमा उत्पादित कृषिजन्य वस्तुको बजारको खै सुनिश्चितता ?

बजेट भनेको राज्यले अल्पकाल, मध्यमकाल र दीर्घकाल रूपमा विकासमा लिने नीतिलाई सहयोग गर्ने दस्ताबेज हो । त्यसैले आगामी वर्षको बजेटले यसअघि बिगारेको अर्थतन्त्रको बाटो सच्याउने व्यवस्था गर्नुपर्छ । बजेटले कृषि नीति, शिक्षा नीति र अन्य दीर्घकालीन नीतिलाई प्रभावित र लाभान्वित पार्ने गरी बजेट ल्याउनुपर्छ । यस्तै, देशको अर्थतन्त्र कहाँ पुर्‍याउने भनेर रणनीति बजेटमा समेटिनुपर्छ । बजेटले आगामी ५ वर्षको अवधिमा देशको अर्थतन्त्रलाई कुन स्थितिमा पुर्याउने भन्ने ध्यान दिनुपर्छ । अब आउँदै गरेको बजेट निर्वाचन अघिको बजेट हो। त्यसैले जनतालाई रिझाउन लोकिप्रिय बजेट आउन पनि सक्छ ।

सरकारले अबको ५ वर्षभित्र अर्थतन्त्रलाई एउटा स्थानमा प्रुयाउने गरी बजेट ल्याउन सकेमा अर्थतन्त्र मजबुत बन्न सक्छ । हाम्रो उत्पादन र उपभोगबीच नमिलेको तालमेललाई समेत बजेटले मिलाउने व्यवस्था यस सरकारले गरेमो सुनमा सुगन्ध हुनेछ । यसका लागि सरकारले मध्यमकालीन योजना बनाएर आयात प्रतिस्थापन गर्न सक्ने वस्तुहरूको सूची बनाएर योजनाबद्ध ढंगबाटै अघि बढ्नुपर्छ । आत्मनिर्भर बन्ने सक्ने वस्तुको सूची र भविष्यमा निर्यात गर्न सकिने वस्तुको सूची बनाउनुपर्छ । यसमा स्पष्ट नीति ल्याउनुपर्छ ।

सरकारले कुन वस्तुको आयात गर्ने, कुन वस्तुको आयात प्रतिस्थापन गर्ने र कुन वस्तुको निर्यात प्रोत्साहन गर्ने भन्ने विषय स्पष्ट रूपमा केलाउनुपर्छ । यसै गरी, नेपालले शिक्षामा गरेको लगानीबाट विदेशी मुलुकले लाभ लिइरहेका छन् । हामी लाखौं खर्च गरेर डाक्टर, इञ्जिनियर बनाउँछौं । तर, ती दक्ष जनशक्ति रोजगारीको सिलसिलामा पश्चिमा मुलुकतर्फ पलायन हुन्छन् । यस अर्थमा हामीले शिक्षामा गरेको लगानीबाट आफैले लाभ लिन सकिरहेका छैनौं ।

विदेश पलायन हुने 'ट्रेण्ड' रोक्न सरकारले उत्कृष्ट रणनीति अघि सार्नुपर्छ । जस्तै, के–कस्ता व्यवस्था गर्न सकेमा युवाहरू विदेश पलायन हुँदैनन् र युवाहरूलाई कसरी स्वदेशमै राख्न सकिन्छ भनेर अध्ययन गर्नुपर्छ । यसै गरी, दक्ष जनशक्तिलाई उद्यमतर्फ समेत प्रोत्साहन गर्न बजेटले सक्नुपर्छ । यी विषयमा राम्रोसँग काम गर्न सकिएन भने दीर्घकालीन अवस्थामा देशको अर्थतन्त्रमा ठूलो समस्या पर्न सक्छ ।

यसै गरी, निर्माण सम्पन्न भएका पूर्वाधार गुणस्तरीय हुनुपर्छ । अहिले त निर्माण सकिएको ६ महिना नपुग्दै भत्किन थाल्छ । यस्तै अर्बौ लगानी गरेर बनाइएका पूर्वाधार उत्पादकत्वसँग जोडिनुपर्छ । उदाहरणका लागि सुनौलीबाट पोखरा जान समयमा नपुगिने दुई/तीन वटा सडकमार्ग हुनुभन्दा समयमै पुगिने एउटै सडक भएको राम्रो हुन्छ। बनेका सडकमार्ग स्तरीय हुनुपर्यो र समयमै गन्तव्य पुग्न सकियो भने उत्पादकत्वसँगै पर्यटन बढाउँछ। सरकारले बजेटमार्फत आगामी आर्थिक वर्षदेखि देशको आर्थिक स्थिति, रोजगारी र उत्पादकत्व बढाउने ठूला आयोजनालाई अघि बढाउने गरी बजेट छुट्याउनुपर्छ ।

मेलम्चीको पानी काठमाडौंमा ल्याउनै ३० वर्ष लाग्यो । तर, अन्य नदीहरूको तुलनामा मेलम्चीको पानी गुणस्तरीय भएर ल्याइएको होइन । हामीले बनाएको मेलम्चीको सट्टा चन्द्रागिरी, सुन्दरीजल, दक्षिणकाली वा त्रिशुलीको पानी ल्याउँदा तुलनात्मक हिसाबमा सस्तो पर्न सक्थ्यो कि? प्राथमिकता र आवश्यकताका आधारमा अनुसन्धान गरेर यस्ता ठूला आयोजना अघि बढाउन सके समयमा सम्पन्न हुन्थ्यो।


डा. रमेश पौडेल

> हाम्रो देशमा सबैभन्दा हेपिएको क्षेत्र कृषि हो । यसको उत्पादन बढाउँदा रोजगारी पनि बढाउने र उद्योगधन्दातर्फ पनि मध्यम र साना उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन सक्छ । कृषि उत्पादनलाई चीन र भारतको भन्दा फरक तरिकाबाट अघि बढाउन सक्नुपर्छ ।

हाम्रो देशमा सबैभन्दा हेपिएको क्षेत्र कृषि हो । यसको उत्पादन बढाउँदा रोजगारी पनि बढाउने र उद्योगधन्दातर्फ पनि मध्यम र साना उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन सक्छ। कृषि उत्पादनलाई चीन र भारतको भन्दा फरक तरिकाबाट अघि बढाउन सक्नुपर्छ । इजरायलको खेती प्रणाली वा युरोपियन मुलुकको कृषि प्रणाली उदाहरणका रूपमा अघि बढाउन सकिन्छ । यस्तै, हिमाली भेगमा तिब्बतीयन खेती प्रणाली लागू हुन सक्छ। तर, यसका लागि विस्तृत अध्ययन गरिनुपर्छ। तराईमा अन्य मुलुकको खेती प्रणाली राम्रो हुन सक्ला । यसबारे विस्तृतमा अध्ययन गरेर अघि बढाउनुपर्छ।

कृषि पेशा अन्य व्यवसायभन्दा सम्मानजनक पेशा हो भन्ने छाप सरकारी स्तरबाटै छाडिनुपर्छ । कृषिलाई उत्पादनमूलक उद्योगको उत्पादन चक्रमा जोडेर उत्पादित वस्तु किन्ने व्यवस्था सरकारले गरेमा यस क्षेत्रमा लाग्ने जनसंख्या बढ्न सक्छ । यसको अर्थ सरकारबाट उत्पादित वस्तु खेर जान दिइँदैन भनेर गर्ने व्यवस्था हो । समग्रमा भन्दा कृषि क्षेत्रलाई सरकारले ध्यानमा राखेर बजेट बनाउनुपर्छ । बढ्दै गएको बाँझो जमिनको उपयोग गरेर कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्नतर्फ र भविष्यमा निर्यात बढाउने लक्ष्य बजेटमा समेट्न सके अझ वेश हुन्छ । *रातोपाटीबाट पौडेल त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका सह-प्राध्यापक हुन्*

# एपेक्स मलमा अर्किडस एमबिओको व्यवसाय सुरू

**भञ्ज्याङ समाचारदाता**/दमौली

विभिन्न अन्तर्राष्ट्रिय ब्राण्डका कपडाहरूको स्टोर अर्किडस एमबिओ (मल्टी ब्राण्डेड आउटलेटस)ले दमौलीमा व्यवसाय सुरू गरेको छ । बालबालिका, महिला र पुरूषलाई लक्षित गरी अन्तर्राष्ट्रिय ब्राण्डका कपडाहरू राखिएको उक्त स्टोरले आइतबारदेखि एपेक्स मल दमौलीमा व्यवसाय सुरू गरेको हो ।

मलको ग्राउण्ड फ्लोरमा सञ्चालित स्टोरको एक कार्यक्रमका बीच एपेक्स मलका प्रमुख कार्यकारी अधिकृत सुशील न्यौपानेले शुभारम्भ गरे । सो अवसरमा उनले दमौलीमा नयाँ व्यवसाय सञ्चालन गर्ने अभियानमा एपेक्स मल अगाडि बढीरहेको चर्चा गर्दै अर्किडस् एमबिओको शुभारम्भ त्यसैको एउटा हिस्सा भएको बताए ।

देशका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म अर्किडस् एमबिओले व्यवसाय अगाडि बढाइरहेको उल्लेख गर्दै स्टोरका प्रबन्ध निर्देशक मुकेशकुमार शाहले दमौलीमा व्यवसाय सुरू गर्न पाउदा खुशी लागेको बताए । स्टोर सञ्चालनको प्रारम्भिक दिनहरूमा ग्राहकहरूलाई कपडा खरिदमा १५ प्रतिशत छुट प्रदान गरिने स्टोरका स्थानीय प्रमुख आग्या जोशीले बताए ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६१/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । तत्काल लाभ नभए पनि समस्या सुल्झाउन सकिनेछ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
सफलताले हिम्मत दिलाउनेछ। प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । भौतिक साधन जुट्नेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आफ्ना सामानमा अरूले दाबी गर्लान्। परिस्थितिसँग केही सम्झौता गर्नुपर्ला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
नयाँ कामको प्रस्ताव आउनेछ । बौद्धिक जगतले तारिफ गर्नेछ भने व्यक्तित्व निखार्ने अवसर पाइनेछ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
आजको लाभांश सञ्चय नहुन सक्छ । केही फाइदा लिन अर्को वस्तु त्याग्नुपर्ला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहबनेछ । विभिन्न सहयोग र उपहार पाइनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ ।

# पाल्पाली ढाकाको आफ्नै सान, मान र दाम

**सुशीला रेग्मी**/रामपुर

कालीपारे दाइ कति राम्रो
ढाका टोपी काँधमा गलबन्दी
(किरण खरेल, तारादेवी)

पाल्पाको पूर्वखोला गाउँपालिकाकी तिलीमाया नेपालीको दिनचर्या तानबाट ढाका बुन्ने काममा बित्ने गरेको छ । पूर्वखोला–१ तामाखानी स्थायी घर भएकी नेपालीमा दिनानुदिन तानबाट ढाका बुन्ने कला र सीपमा निखारता आउँदा यतिखेर आफ्नो काममा जोस र जाँगर थपिएको छ नै, स्वरोजगार बनेकामा आत्मसम्मानको महसुस पनि भएको छ । उहाँ तानसेन बजारको सिल्खानटोलमा रहेको सरस्वती ढाका कपडा उद्योगमा ढाका कपडा बुन्ने गर्नुहुन्छ । छ वर्षदेखि नै सो काममा संलग्न उहाँले दुई छोराछोरीसहित कोठा भाडा लिएर कारखानामा ढाका बुन्दै आउनुभएको छ ।

"श्रीमान् भारतमा मजदुरी गर्नुहुन्छ, एक जनाको कमाइले परिवारको पालनपोषण, छोराछोरीको पढाइ खर्च धान्न सकस हुन्छ, अर्कातर्फ दिनभर खाली समय काममा सदुपयोग भएको छ, काम गरेपछि हातमा दाम परिहाल्छ", उहाँले भन्नुभयो। छोराछोरी पढ्न गएपछि घरायसी काम सकाएर ढाका बुन्ने उहाँले साथीहरूसँगै काम गर्दा दिन बितेको पत्तो नै नहुने अनुभव सुनाउनुभयो । फुर्सदका समय बिहान ७ बजेदेखि साँझसम्म पनि उहाँ निरन्तर ढाका बुन्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "काम जति धेरै गर्न सक्यो, उति नै धेरै कमाउन सकिने रहेछ, धेरै समय खटिएर काम गर्नेले राम्रै कमाउन सक्छ, दिउँसो चार/पाँच घण्टाको समय काम गरियो भने महिनामा १२/१५ हजार रूपियाँ त सजिलै कमाउन सकिने रहेछ, महिलाहरूलाई आयआर्जन गर्न यो व्यवसाय धेरै राम्रो छ ।"

साँझ बिहानको घरायसी काममा मात्रै सीमित रहने र दुई/चार पैसाका लागि अरूका भरमा बसेका महिलालाई सीप सिकेर आफैँ स्वरोजगार बन्न उहाँ सुझाव दिनुहुन्छ । आफ्नो हातमा कमाइ भएपछि अरूको अपहेलना खेप्नु नपरेको र आफूलाई आत्मनिर्भर बन्ने बाटो मिलेको नेपाली बताउनुहुन्छ । रिब्दिकोट गाउँपालिका–८ फेक बस्ने सीमा बगालेलाई आजभन्दा पन्ध्र वर्षअघि पढेलेखेको छैन, जागिर पाउने आसै भएन, आयआर्जन कसरी गर्ने भन्ने समस्याले निकै पिरोल्थ्यो । रोजगारीका खोजीमा तानसेन बजारमा आउनुभएका बगाले यहाँको कारखानामा ढाका बुन्ने अवसर पाएपछि भने अहिले स्वावलम्बी बन्दै जानुभएको छ ।

तानमा बसेर ढाका बुन्न थालेको डेढ दशक भयो । काम गर्ने क्रममा सीप विकास हुँदै गर्दा अहिले उहाँलाई आफ्नो खर्चका निम्ति अरूका भरमा बस्नुपर्ने अवस्था छैन । "पढ्न नसक्दा जागिर पाउने आसै थिएन, कारखानामा काम पाउँदा धेरै खुसी लागेको छ, ढाका बुनेर आफ्नो खर्च चलेकै छ, काम नपाएर खाली बस्नु पनि परेन, अरूसँग दुईचार पैसाका निम्ति हात थाप्नु परेको छैन", बगालेले भन्नुभयो। मिटरको हिसाबले ज्याला पाउने हुँदा यसैमा मात्रै ध्यान दिएर काम गर्नेले राम्रो कमाइ गरिरहेको व्यवसायमा संलग्न महिला बताउँछन्। पाल्पाली ढाका बुनाइ नेपाली र बगाले जस्तै यहाँका धेरै महिलाको आयआर्जन गर्ने बलियो माध्यम बनेको छ । श्रीमान्का भरमा मात्र बस्दा जीविका चलाउन धौधौ भएपछि धेरै महिलाले व्यावसायिक रूपमा तानमा बसेर ढाका बुनी दैनिक जीविकोपार्जन गरिरहेका छन् । ढाका उद्योग महिलाका निम्ति रोजगारको बलियो स्रोतका रूपमा स्थापित बनेको छ ।

ढाका उद्योगबाट धेरैलाई रोजगारी दिन पाउँदा आफूलाई आत्मसन्तुष्टि मिलेको सरस्वती ढाका कपडा उद्योगका सञ्चालक हरि रायमाझी बताउनुहुन्छ । उहाँको उद्योगमा अहिले दैनिक बिहानदेखि साँझसम्म ३० कामदार ढाका बुन्ने कार्यमा संलग्न छन् । यहाँ छोराछोरीलाई स्कुल, क्याम्पस पठाएर फुर्सदको समय ढाका बुनेर आफ्नो जीविका चलाउने गरेको पाइन्छ । "एउटा उद्योगबाट दैनिक ३० जनाले रोजगार पाएका छन्, धेरैजसो छोराछोरी पढाउन कोठा भाडामा बस्ने महिलाहरु हुनुहुन्छ, स्कुल पठाएपछि यहाँ आएर तानमा बसी ढाका बुन्ने गर्नुहुन्छ, यो देख्दा पनि आनन्द लाग्छ", उहाँले भन्नुभयो ।

तानसेन बजारमा फेन्सी पसल चलाउनुभएका रायमाझीले विसं २०४८ देखि ढाका कपडाको व्यापार सुरू गर्नुभएको हो । विस्तारै उद्योगका रूपमा विकास गर्दै गएपछि अहिले उहाँ धेरैलाई यसैबाट रोजगार दिने एक सफल उद्योगीका रूपमा स्थापित हुनुभएको छ । द्वन्द्वकाल र कोभिड–१९ को प्रभावले व्यवसायलाई असर पुर्‍याए पनि ढाका सम्मानजनक व्यापार भएकाले उद्योगीलाई राम्रो पहिचान दिएको उहाँको अनुभव छ। उहाँ एक वर्षमा सरदरमा रू २० देखि २५ लाखसम्मको ढाका कपडाको कारोबार गर्नुहुन्छ । ब्राण्डमा गएपछि ठगिने क्रम हटेको र उद्योग थप हुँदै गएकाले ढाका कपडाको व्यापार फस्टाउँदै जाने आशा उहाँ व्यक्त गर्नुहुन्छ ।

पाल्पाली ढाका कपडा संघका अध्यक्ष पूर्णमाया महर्जन आफूले चलाएको कारखानामा हाल १६ महिलालाई दैनिक रोजगारी दिएको बताउनुहुन्छ । पाल्पाको पहिलो ढाका व्यवसायी महर्जन आठ दशक पार गरे पनि अझै बिहानै उठेर कारखानामा खटिएका कामदारसँगै काम गर्नुहुन्छ। महर्जनका श्रीमान् गणेशमानले विसं २०१५ मा पाल्पामा पहिलो ढाका उद्योग स्थापना गरी यहाँका विपन्न, गरिब र महिलालाई रोजगारीको सिर्जना गर्नुभएको थियो । "उद्योग स्थापनाका तत्कालीन समयमा सडकमा मजदुरी गर्ने, गिट्टी कुट्ने, ढुङ्गा, माटो, बालुवा बोक्ने र भारी बोक्ने महिलालाई डोर्‍याएर उद्योगमा ल्याई ढाका बुन्न लगाइयो, उहाँहरु पनि धेरै मेहनत गरेर ढाका बुन्नुहुन्थ्यो", उहाँले थप्नुभयो, "मेरो उद्योगमा ढाका बुन्ने महिलाहरु अहिले सीप विकास गरी आफैँ उद्यमी बनेर व्यवसाय चलाएको देख्न पाउँदा सन्तुष्ट छु ।"

महर्जनले हालसम्म एक हजारभन्दा बढी महिलालाई आफ्ना कारखानाबाट आयआर्जनको अवसर दिनुभएको छ । बुढ्यौली लागे पनि उहाँ विशेषगरी एकल महिला, गरिब, विपन्न, दलित, जनजाति, घरपरिवार–समुदायबाट अपहेलित महिलालाई प्राथमिकता दिँदै ढाका बुन्ने कार्यमा सीप तथा हौसला दिने गर्नुहुन्छ । पहिला मासिक रूपमा तलब दिएर कामदार खटाउने महर्जनले अहिले भने मिटरको हिसाबले पारिश्रमिक दिने गरेको बताउनुहुन्छ । महर्जन भन्नुहुन्छ, "मिटरको हिसाबले पारिश्रमिक दिन थालेपछि कामदारले राम्रै कमाइ गर्नुभएको छ, नयाँ नयाँ डिजाइन, बुट्टा भर्नेलाई थप सुविधा उपलब्ध छ, निरन्तर काममा खटिएर काम गर्नेले महिनामा रू पन्धदेखि रू बीस हजारसम्म त सजिलै कमाइ गर्नुहुन्छ"

काठमाडौं, गोरखपुरलगायत विभिन्न स्थानमा उत्पादित ढाका आयात गरी केही व्यापारीले पाल्पाली ढाकाको नाम बेचेर नक्कली ढाका बेच्ने गर्दा व्यवसाय धराप अवस्थामा पनि पुग्यो। संघले बाहिरबाट भित्रिएका ढाका पाल्पाली ढाकाको नाम राखेर बिक्री नगर्न निर्देशन दिए पनि केही व्यापारीको अटेरका कारण पाल्पाली ढाका उद्योग सङ्कटमा पर्‍यो । पाल्पाली ढाकाबाट उपभोक्ता नठगिन ब्राण्डका रूपमा ढाका कपडा बजारमा ल्याउन थालेको अध्यक्ष महर्जनको भनाइ छ। महर्जनका श्रीमान् गणेशमानले भारतमा ढाका बुन्ने सीप सिकेर आएपछि विसं २०१५ मा पाल्पामा ढाका कपडाको व्यवसाय थालनी गर्नुभएको हो । अहिले यो देश तथा विदेशमा राम्रो पहिचान बनाउन सफल भएको छ । त्यतिबेला गणेशमानले पाल्पा कारागारमा रहेका थुनुवाबाट कपडा बुन्ने काम गराउँदा तिनलाई आम्दानीको राम्रो माध्यम बनेको थियो।

गणेशमानले सुरू गरेको व्यवसाय अहिले पनि निरन्तर चलिरहेको छ। उहाँकी श्रीमती पूर्णमाया हालसम्म सात हजार महिलालाई ढाका कपडाको तालिम दिइसकेको बताउनुहुन्छ । उमेरले ८४ वर्ष पुगे पनि उहाँले व्यवसायमा धेरै महिला उद्यमी उत्पादन गरेर रोजगारीको ढोका खोलिदिनुभएको छ । पूर्वदेखि पश्चिम सम्मका तथा विभिन्न मुलुकबाट पनि सामान खरिद गर्न आउने गरेको उहाँको भनाइ छ । साडी, कुर्ता, टोपी, पछ्यौरा, पर्स, झोलालगायत गरी करिब ९० थरिका सामान उहाँ उत्पादन गर्नुहुन्छ। सुरूमा परिवारले मात्रै धानेको व्यवसायलाई बढाउँदै जाँदा विसं २०२० देखि कामदार राखेर अहिलेसम्म पनि उहाँले निरन्तरता दिनुभएको छ ।



पाल्पामा हाल १५ ढाका कारखाना सञ्चालित छन् । पाल्पाली ढाकाका नाममा छल गरेर बाहिर उत्पादन भएका ढाका यहाँ भित्रन थालेपछि दुई ढाका कारखाना बन्द हुन पुग्यो । अहिले पुनः बन्द रहेका कारखानालाई सञ्चालनमा ल्याइएको छ । सात मात्रै कारखाना सञ्चालनमा रहेकामा यसै आर्थिक वर्षदेखि बन्द रहेका दुई कारखानासहित आठ कारखाना थपिएको पाल्पाली ढाका संघका व्यवस्थापक अनुशेष रायमाझीले बताउनुभयो। "संघले ढाका कपडासम्बन्धी सीप विकास तालिम, नयाँ कारखाना स्थापना गर्ने व्यवसायीलाई विभिन्न बैंकसँग समन्वय गरी ऋण सहयो र सहज रूपमा धागो उपलब्ध गराएको छ, कोभिड–१९ को अवस्था सहज बन्दै जाँदा कारखाना विस्तार हुँदै गएको छ", उहाँले भन्नुभयो ।

संघले ढाकाको सामग्री बिक्री नभएमा व्यवसायीबाट खरिद गरी तानसेनमा रहेको कोसेली घरबाट बिक्री गर्ने व्यवस्था मिलाएको छ । लुम्बिनी प्रदेश सरकारको 'एक पालिका एक कोसेली' कार्यक्रम अन्तर्गत तानसेन नगरपालिकाका समन्वयमा ढाका कपडा बिक्रीका लागि कोसेली घरको व्यवस्था गरिएको हो । गत असोज १ गते तानसेनमा कोसेली घर स्थापना गरी ढाका कपडाको व्यापार भइरहेको छ । गत फागुन १९ गते पाल्पाली ढाकालाई 'ब्राण्ड' घोषणा र चैत १२ गते पाल्पालाई 'ढाका कपडाको राजधानी' घोषणा गरियो । हरेक वर्ष चैत १२ का दिन ढाका महोत्सव मनाउने संघको योजना छ ।

बजारमा ढाकाको माग बढ्दो रहेकाले संघले अबको दुई वर्षभित्र एक हजार ५०० जनालाई सीप विकास तालिम दिने भएको छ । हाल यहाँका कारखानाबाट ५०० भन्दा बढीलाई प्रत्यक्ष रोजगार गर्ने अवसर मिलेको छ । उद्योगमा काम गर्ने कामदारमध्ये ९८ प्रतिशत महिला छन् । यहाँ सञ्चालित उद्योगबाट महिलाले राम्रो रोजगार गर्ने अवसर पाएका छन् । न्यूनतम तीनदेखि बढीमा एक सयभन्दा बढी तान राखेर कारखाना सञ्चालन गरिएको छ । एक सयभन्दा बढी तान भएका चार कारखाना छन् । रू पाँच/सात लाखका लगानीमा व्यवसाय चलाउन सकिने हुँदा ढाका उद्योगबाटै राम्रै लाभ लिन सकिनेछ । पाल्पाली ढाकाको माग अहिले बजारमा बढ्दो छ ।

पहिला ढाका भन्नेबित्तिकै चोली, टोपी र भोटोमा मात्रै सीमित भएकामा हिजोआज ग्राहकको रोजाइअनुसार कमिज, साडी, ब्लाउज, झोला, कुर्ता, पछ्यौरा, आस्कोट, पर्दालगायत विभिन्न सामग्री तयार पारिन्छ । अहिले कोभिडको अवस्था सामान्य हुँदै जाँदा यहाँ सञ्चालित उद्योगबाट वार्षिक रू दुई करोडसम्मको कारोबार हुने लक्ष्य लिइएको छ । पाल्पाली ढाका संघले ढाका उत्पादन बढाउन जिल्लाका दशवटै पालिकाका समन्वयमा ढाका कपडाको तालिम चलाइने जनाएको छ । बाहिरबाट भित्रिएका यन्त्रबाट उत्पादित ढाका कपडाले गर्दा पाल्पाका केही उद्योग बन्द पनि नभएका होइनन्। अहिले ब्राण्डमा लगिएपछि भने पुनः उद्योगीमा उत्साह थपिएको छ । उद्योग, व्यापार फस्टाउने अवस्थामा छन् भने थपिने क्रम पनि जारी छ । जिल्ला सदरमुकाम तानसेनसँगै ग्रामीण भेग कसेनी, मदनपोखरा, कुसुमखोला, चिर्तुङ्धारा, बन्दीपोखरा र अर्गलीमा ढाका कपडा बुनिँदै आएको छ । रासस

# आँधीबाट ३३ को मृत्यु

**रासस/सिन्ह्वा**/नयाँदिल्ली

भारतीय पूर्वीराज्य बिहारमा आएको आँधीमा परेर कम्तीमा पनि ३३ को ज्यान गएको छ । बिहीबारदेखि भारी वर्षासहित आएको आँधीले यहाँ जनधनको ठूलो क्षति भएको पनि बताइएको छ । बिहार राज्यका मुख्मन्त्री नितिश कुमारलाई उद्धृत गर्दै यहाँका स्थानीय सञ्चारमाध्यमले दिएको समाचारअनुसार बिहीबारदेखि सुरू भएको वर्षा तथा हावाहुरीले यहाँका ३३ को ज्यान लिएको छ। यस राज्यका करिब १६ जिल्लामा आँधीले असर गरेको छ । सो आँधीमा परेर सयौं घर भत्काइदिएको छ भने अरू भौतिक संरचनामा पनि क्षति पुगेको छ । भत्किएका घरको पुनःनिर्माणका साथै अन्य सहायताका लागि यहाँका सुरक्षा निकायलाई मुख्यमन्त्रीको कार्यालयले निर्देशन दिएको बताइएको छ । साथै मुख्यमन्त्रीको कार्यालयले उक्त आँधीमा परेर ज्यान गुमाएका व्यक्तिका परिवारलाई चार लाख भारतीय रूपैयाँ सहयता दिने घोषणा पनि गरेको समाचारमा जनाइएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आँधीले पुर्‍याएको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ ।

# कालिका मन्दिर चिनाउन सङ्ग्रहालय

**रासस**/गलकोट

गण्डकी प्रदेशको उत्कृष्ट धार्मिक गन्तव्यका रूपमा चिनिँदै आएको बागलुङ कालिका मन्दिरको पहिचान, प्रचार–प्रसार र पुरातात्विक वस्तुको संरक्षण गर्नका लागि संग्रहालय निर्माण थालिएको छ । कालिका मन्दिर भगवती मन्दिरको प्रवेशद्वारमा दुईतले संग्रहालय भवन निर्माण थालिएको छ । कालिका मन्दिरसँग जोडिएको पुरातात्विक वस्तु, कालिका मन्दिरको इतिहासलगायतका जानकारी संग्रहालयमा राखिने छ । संग्रहालय निर्माणपश्चात कालिका मन्दिर चिनाउन थप सहज हुने कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो।

"संघीय सरकारको योजनामा सङ्ग्रहालय बन्नका लागि शनिबार शिलान्यस गरेका छौँ, कालिका मन्दिरको पहिचान, मन्दिरको थप रोचक पक्षलाई उजागर गर्न संग्रहालय अवलोकन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "मन्दिरको मेला र निर्वाचनका कारण निर्माण गर्न केही ढिलाइ भएको हो, जतिसक्दो छिटो संग्रहालय तयार हुनेछ ।" शनिबार बागलुङ नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख वसन्तकुमार श्रेष्ठले संग्रहालयको शिलान्यास गर्नुभएको छ ।

दुई तलाको पक्की भवन निर्माणपश्चात यसलाई संग्रहालयका रूपमा अगाडि बढाइने छ। संग्रहालय भवन निर्माण गर्न संघीय सरकारअन्तर्गत सघन तथा भवन डिभिजन कार्यालय बागलुङले रू ९० लाख विनियोजन गरेकामा रू ६१ लाखमा ठेक्का सम्झौता भएको छ । ठेक्का मिति यही असारसम्म रहेको छ। माछापुच्छे निर्माण सेवाले उक्त भवन निर्माणको जिम्मा पाएको निर्माण कम्पनीका प्रतिनिधि कलाधर आचार्यले जानकारी दिनुभयो ।




अधिकृत बिक्रेता
दिप इन्टरप्राइजेज्
आँबुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

प्रो. बिरान आले मो. ९८१७१७३०२३, ९७४२५०१४२२
झोर्ले मोबाइल एण्ड इलेक्ट्रोनिक्स
व्यास–३, निमचोक, दमौली, तनहुँ

iPhone SAMSUNG mi Redmi ONEPLUS Panasonic Yasuda
हामीकहाँ उच्च ब्राण्डका टि.भि., फ्रिज, वासिङ्ग मेसिन, ए.सि. लगायत घरायसी इलेक्ट्रोनिक्स सामानहरू सुपथ मूल्यमा पाइन्छ। साथै विभिन्न ब्राण्डका मोबाइलहरू बिक्री तथा मर्मत गरिन्छ । नोटः होम डेलिभरीको व्यवस्था पनि छ ।

आल्मुनियम, स्टिल, काठका रेडिमेड झ्याल ढोकाहरू होलसेल तथा खुद्रा बिक्री गरिनुका साथै जिप्सन, स्टील तथा ग्रिल सम्बन्धी सम्पूर्ण काम सुपथ मूल्यमा गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
प्रो. होम थापा सम्पर्क : ९८०६७४६७२३, ९८१७१२६६९५, ९७४५२८२४६४, ९८४६७६२७४८

न्यू पशुपति आल्मुनियम ७ फ्रेब्रिकटर, स्टिल ग्रिल उद्योग
व्यास–३, दमौली, तनहुँ (प्रहरी कार्यालय पछाडी, एपोलो हस्पिटल लाइन)

हाम्रा उपलब्ध सेवाहरू :
१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

विवाह वारी २० वर्ष पारी
सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ

बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो
हामी सबै मिली बालविवाह अन्त्य गरौं, सभ्य समाजको निर्माण गरौं ।
घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**चुनाव पछिको जनता भेटघाट :** नेकपा माओवादी केन्द्र बन्दिपुर गाउँ कमिटीका पदाधिकारीहरू स्थानीय तह सदस्य निर्वाचन २०७९ पश्चात जनताको घरदैलोमा पुगि धन्यवाद व्यक्त गर्दै । गाउँपालिकामा माओवादी केन्द्रले पुनः अध्यक्षका उम्मेदवार पूर्णसिं थापा र उपाध्यक्षका उम्मेदवार करूणा गुरुङलाई उठाएपनि दुबै जना पराजित हुन पुगेका छन् । *तस्विर : भञ्ज्याङ*

# व्यास नगरपालिकाको ......

आफ्नो राजनीतिक विरासत जोगाउन सफल भएका छन् । चुनावी मैदानमा नेपाली कांग्रेसका उम्मेदवार न्यौपाने र स्वतन्त्र उम्मेदवार जोशी बीच चुनावी प्रतिस्पर्धा देखिएपनि यसको भित्री पाटो वरिष्ठ नेता पौडेलको राजनीतिक विरासत जोगाउने र पूर्व सहमहामन्त्री जोशीको गुम्नलागेको राजनीतिक विरासत फर्काउने अस्त्रका रुपमा हेरिएको छ । जोशी समुहले प्राप्त गरेको मतपरिणामलाई हेर्दा अझै पनि जोहीको शक्ति गृहजिल्लामा रहेको प्रष्ट देखाएको छ ।

केन्द्रीय राजनीतिमा लामो समयदेखि दबदबा कायम गरेका रामचन्द्र पौडेल, शंकर भण्डारी, प्रदिप पौडेल, गोविन्द भट्टराई, ध्रुव वाग्ले लगायतका झण्डै एक दर्जन नेताको गृह जिल्ला तनहुँमा कारबाहीमा परेका गोविन्दराज जोशी समक्ष स्थानीय निर्वाचनमा पराजित भएपनि जिल्लामा जोशीको शक्ति अझै कायमै रहेको भने पुष्टि गरेको छ ।

विशेषगरी कांग्रेसका वरिष्ठ नेता पौडेल निकट नेतासँग आक्रामक देखिएका जोशीले एमालेसँग तालमेल गरी छोरा दीपकराजलाई ब्यासमा मेयर पदको स्वतन्त्र उम्मेदवार बनाएर उठाएपछि व्यासको मतपरिणामले कस्को कति शक्ति छ भन्ने तथ्याङ्क पनि प्रष्ट पारेको छ । प्राप्त मत परिणामको आधारमा जोशी गृहजिल्लामा अझै हावि रहेको प्रष्ट पारेको छ ।

वैशाख ३० गते भएको निर्वाचनमा व्यास–८ को रिस्ती फेदी मतदान केन्द्रमा मेयरका स्वतन्त्र उम्मेदवार माथी आक्रमण भएपछि उक्त मतदान स्थलको निर्वाचन रद्ध भएको थियो । वैशाख ३० गते रद्ध भएको निर्वाचन पुनः जेठ ४ गते मतदान गरी त्यो वडा मतपरिणाम पनि सार्वजनिक भइसकेको छ ।

वडा नं. ८ को सार्वजनिक अन्तिम मतपरिणाम अनुसार वडाध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवार युवराज गुरुङ विजयी भएका छन् । गुरुङले ९१४ मत प्राप्त गरेका छन् भने उनका प्रतिस्पर्धी नेकपा एमालेका विजय दुवाडीले २७२ मत प्राप्त गरेका छन् । सदस्यहरुमा कांग्रेसकै रामप्रसाद मिश्र ८२७, थमानसिं गुरुङ ७६८, विष्णुमायाँ राना ९११, सुनिता सुनार ११६० मत प्राप्त गरी निर्वाचित भएका छन् ।

विवादित र चर्चित बनेको यो वडामा मेयर पदका उम्मेदवार बैकुण्ठ न्यौपानेले ७७८, दिपकराज जोशीले ३५० र उपमेयर पदका उम्मेदवार इन्दिरा दरैले ८६६ र वसुन्धरा घर्तीले २६९ मत प्राप्त गर्न सफल भएका छन् । यो समाचार तयार पार्दसम्म करिब २१ हजार बढि मत गणना भएकोमा कांग्रेसका उम्मेदवार न्यौपानेले दुई बढि मतले अग्रता लिएका छन् ।

कूल १४ वडामध्ये नेपाली कांग्रेसले ११ वडामा प्यानल सहित जितेको छ भने नेकपा एमालेले तीन वडामा वडाध्यक्ष जितेको छ । एमालेले वडाध्यक्ष जितेको वडामा पनि नेपाली कांग्रेसले सबै सदस्य जितेको छ । एमालेले व्यास–४, ५ र ७ को वडाध्यक्षमात्रै जितेको छ भने वडा नं. १२ मा एक जना सदस्य जितेको छ ।

जेठ ४ गतेदेखि सुरु भएको मतगणना अनुसार व्यास नगरपालिका वडा नम्बर १ को वडाध्यक्षमा रमेशचन्द्र हड्खले, खुल्ला सदस्यमा पूर्णबहादुर थापा, मणिजङ बस्नेत, महिला सदस्यमा किस्ना दुरा गुरुङ, दलित महिला सदस्यमा सुनिता सुनार निर्वाचित भएका छन् ।

वडा नम्बर २ को अध्यक्षमा काशीराम श्रेष्ठ, खुल्ला सदस्यमा सुरेश वाग्ले, जगतबहादुर क्षेत्री, महिला सदस्यमा साना रफत मियाँ, दलित महिला सदस्यमा सविता रसाइली निर्वाचित भएका छन् ।

वडा नम्बर ३ को अध्यक्षमा अनुप राना, खुल्ला सदस्यमा शान्तिरमण वाग्ले, दधिराज सुवेदी, महिला सदस्यमा विनु श्रेष्ठ र दलित महिला सदस्यमा श्रीमाया विक निर्वाचित भएका छन् ।

वडा नम्बर ४ को अध्यक्षमा मनबहादुर गुरुङ, खुल्ला सदस्यमा सरोज भण्डारी, कर्णबहादुर गुरुङ, महिला सदस्यमा गौकुमारी न्यौपाने र दलित महिला सदस्यमा राधा विक निर्वाचित भएका छन् ।

वडा नम्बर ५ को अध्यक्षमा विष्णुकुमार श्रेष्ठ निर्वाचित भएका छन् । खुल्ला सदस्यमा खिमबहादुर थापा, सुन्दर वाग्ले, महिला सदस्यमा केशरीमाया थापा र दलित महिला सदस्यमा लक्ष्मी विक निर्वाचित भएका छन् ।

वडा नम्बर ६ को अध्यक्षमा जीवन गुरुङ निर्वाचित भएका छन् । खुल्ला सदस्यमा ढालप्रसाद घिमिरे, सूर्यकान्त काफ्ले, महिला सदस्यमा बालकुमारी श्रेष्ठ र दलित महिला सदस्यमा बुद्धिमाया विक निर्वाचित भएका छन्।

वडा नम्बर ७ को अध्यक्षमा कृष्णप्रसाद न्यौपाने विजयी भएका छन्। खुल्ला सदस्यमा टिकाबहादुर गुरुङ, सुवास वाग्ले, महिला सदस्मा निला घिमिरे र दलित सदस्यमा सरस्वती विक निर्वाचित भएका छन् ।

व्यास नगरपालिका–९ मा नेपाली कांग्रेसको प्यानल विजयी भएको छ। वडा नम्बर ९ को अध्यक्षमा सुरेश थापा विजयी भएका छन् । खुल्ला सदस्यमा यमु गुरुङ, सन्तोष जिसी, महिला सदस्यमा उमा आचार्य, दलित महिला सदस्यमा ज्ञानुमाया परियार विजयी भएका छन्।

व्यास नगरपालिका–१० मा नेपाली कांग्रेसको प्यानल विजयी भएको छ । वडाध्यक्षमा खेमराज पोखेल एक हजार तीन सय ७९ मत प्राप्त गरी विजयी भएका छन्। प्रतिस्पर्धी नेकपा एमालेका मदन तिमिल्सिनाले ८७६ मत प्राप्त गरे । खुल्ला सदस्यमा यज्ञप्रसाद शर्मा एक हजार चार सय ९६, इश्वरप्रसाद पौडेल एक हजार दुई सय ६४, महिला सदस्यमा बासना कुंवर एक हजार तीन सय ६२ र दलित महिला सदस्यमा खिरमाया विक एक हजार चार सय ४६ मत प्राप्त गरी विजयी भएका छन् ।

यस्तै, नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईको वडामा कांग्रेसको प्यानल नै विजयी भएको छ । व्यास–११ मा कांग्रेसको प्यानल नै विजयी भएको हो । वडाध्यक्षमा दलबहादुर दुरा विजयी भएका छन् । उनले नेकपा एमालेका वीरेन्द्रबहादुर अधिकारीलाई पराजित गरेका छन् ।

वडा सदस्यमा गोकुल राना, रामकृष्ण अधिकारी, महिला सदस्यमा इन्दिरा अधिकारी र दलित महिला सदस्यमा कमला विक निर्वाचित भएका छन् । यसअघि कांग्रेस केन्द्रीय सदस्यका सबै वडामा कांग्रेस पराजित भएको थियो । भट्टराईले भने आफ्नो साख बचाएका छन् । केन्द्रीय सदस्य प्रदीप पौडेलको वडा शुक्लागण्डकी–८, शंकर भण्डारीको वडा भानु–९ र ध्रुव वाग्लेको वडा व्यास–५ मा एमाले विजयी भएको थियो ।

व्यास नगरपालिका–१२ को वडाध्यक्षमा नेपाली कांग्रेसका बमबहादुर आले ३२ मतान्तरले विजयी भएका छन् । आलेले ९३१ मत प्राप्त गर्दा प्रतिस्पर्धी नेकपा एमालेका लालबहादुर अधिकारीले ८९९ मत प्राप्त गरे । चार सदस्य मध्ये एक सदस्य नेकपा एमालेले र तीन सदस्य नेपाली कांग्रेसले जितेको छ । खुल्ला सदस्यमा एमालेका हर्कबहादुर कार्की ९०५, कांग्रेसका विज्ञान कैनी ९३७, महिला सदस्यमा कांग्रेसकै राजकुमारी सेढाइ ९६२ र दलित महिला सदस्यमा हरिमाया उपरकोटी निर्वाचित भएका छन् ।

वडा नं. १३ मा नेपाली कांग्रेसका उम्मेदवार वसन्त आले ९२२ मत प्राप्त गरी वडाध्यक्षमा निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार ललित बहादुर पाण्डेले ७६८ मत प्राप्त गरेका छन् । सदस्यमा हरिश्चन्द्र पन्थ, नर बहादुर आले, महिला सदस्यमा कमला देवी घर्ती र दलित महिला सदस्यमा मधुमाया घर्ती निर्वाचित भएका छन् ।

वडा नं. १४ को अध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवार काजी मान श्रेष्ठ ७२६ मत प्राप्त गरी पुनः दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेका नुर बहादुर आलेले ३४२ मत प्राप्त गरेका छन् । ससदस्यमा नेपाली कांग्रेसकै दुर्गा बहादुर आले, होम लाल थापा, महिला सदस्यमा नरी माया राना, दलित महिला सदस्यमा कृष्ण माया सुनार निर्वाचित भएका छन् ।

facebook twitter



**उषा कार्की**
twitter.com/Ushakar45440973

एउटा संसार सबैको हिस्सामा छ । दुइटा संसार कसैले पाएको छैनन । यही आफुले पाएको संसारलाई स्वर्ग बनाउने कि नरक बनाउने– हाम्रो आफ्नै हातमा छ । प्रेम गर या युद्ध गर, भलो चिताउ वा कुभलो चिताउ– आफ्नै संसारलाई फरक पर्छ ।



**अपरिचित यात्री**
twitter.com/UnidentifiedTr2

"बिश्वास" भन्ने शब्दको नै धज्जि उडेको छ । आजभोलि किनकि आफ्ना भनिएका कतिखेर बदलिएर अर्को कित्तामा पुग्छन र उल्टो बिरोधमा उत्रन्छन भन्ने कुराको अन्दाज लगाउने सकिन्न, शुरुमा नजिकिने पछि आफ्नै पछि लाग्ने प्रबृति प्रति होसियार रहनुको बिकल्प छैन !



**भिम महर**
twitter.com/mahar05555

सहनशीलताको नसाबाट फलाम पग्लाउन आवश्यक छ आफ्नो पाप पुण्य परिणामको लेखाजोखा गर्न पनि आवश्यक छ.., आफ्नै नजरमा अपराधी नबन जाउँ कहीँ त्यसैले त मनमा अलि बचपन धेरै परिपक्वता हुनु पनि जरूरी छ !!!



**कृषा के.सी**
twitter.com/krishakc2

जसरी एउटा वृक्षबाट फूलहरु ओइलाउँदै, झर्दै, अलग हुँदै गर्दा फलहरु विकसित हुने क्रम पनि चलीरहेको हुन्छ त्यसैगरी गुमाएका अवसरहरूको प्रवाह नगरी उपलब्धिका लागि निरन्तर अगाडि बढ्नेले मात्रै सफलता प्राप्त गर्न सक्छ ।

# चितवनमा हावाहुरीले १४० विद्युत् पोलमा क्षति

**रासस/चितवन**

जिल्लामा शुक्रबार साँझ आएको हावाहुरीले रुख र बिजुलीका पोल ढालेपछि अवरुद्ध भएको भरतपुर महानगरपालिकाको विद्युत् सेवा पूर्णरूपमा सञ्चालनमा आउन अझै पाँच दिन लाग्ने भएको छ । हावाहुरीका कारण भरतपुरका १४० विद्युत्का पोल ढलेका हुन् । विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका इन्जिनीयर राजेन्द्र पौडेलका अनुसार भरतपुर महानगरको १ देखि ६ वडासम्म ती पोल ढलेका हुन् । ती पोललाई व्यवस्थित गरेर पूर्णरूपमा विद्युत् सञ्चालन गर्न अझै पाँच दिन लाग्ने उहाँले बताउनुभयो ।

केन्द्रका प्रमुख राजिवकुमार सिंहका अनुसार भरतपुर सबस्टेशनबाट वितरण भएको बिजुली सेवा अवरुद्ध भएको हो । उहाँका अनुसार भरतपुरमा हावाहुरीले पोल ढल्दा ठाउँठाउँमा तार चुडिएका छन् । ढलेका पोल र तार मर्मतका लागि प्राधिकरणले चार वटा ठेकेदारको टोली र प्राधिकरणको सम्पूर्ण प्राविधिक शक्ति परिचालन गरेको सिंहले बताउनुभयो ।

उहाँले अस्पताल र सुरक्षा निकाय, मतगणनास्थल, खानेपानी लगायत संवेदनशील क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर विद्युत् पुनःसञ्चालन गरिएको बताउनुभयो। चनौली सबस्टेसनबाट वितरण हुने बिजुलीमा भने समस्या नरहेको इञ्जिनीयर पौडेलले बताउनुभयो।

भरतपुर पश्चिम क्षेत्रमा विद्युत् प्रवाहमा समस्या नभए पनि सदरमुकाम भरतपुर क्षेत्र, नारायणगढ बजार क्षेत्र र पूर्वी चितवनको रत्ननगर खैरहनीसम्म विद्युत् प्रवाहमा समस्या रहेको उहाँले जानकारी दिनुभयो । हावाहुरीका कारण रु ३० लाखको सामग्री क्षति भएको र रु पाँच करोडको विद्युत् खपत अवरुद्ध भएको उहाँले जानकारी दिनुभयो।

विद्युत् लामो समय नहुँदा मोबाइल फोन सेवासमेत प्रभावित भएको छ भने खानेपानी र इन्टरनेटसमेत प्रभावित छ । शुक्रबारको हावाहुरीका कारण तीनको ज्यानसमेत गएको थियो भने ११ घाइते भएका थिए । हावाहुरीले भरतपुरको मुख्य शहरी क्षेत्रका धेरै रुख लडेका हुन् । धेरैजसो ठाउँमा रूखले विद्युत् पोल लडाएको हो ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५–५६३९०७
E-mail : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४